# ईश्वरपुर नगरपालिका
## सर्लाही
## मधेश प्रदेश, नेपाल

# नगर प्रमुख श्री मनोज कुमार आचार्यले ईश्वरपुर नगरपालिकाको १२ औं नगरसभामा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

## २०८१ असार १० गते


ईश्वरपुर नगरपालिका
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश
www.ishworpurmun.gov.np
ishworpur2071@gmail.cm

# ईश्वरपुर नगरपालिका
## १२ औं नगरसभा
## २०८१ साल असार १० गते
## आ.व. २०८१/०८२ को लागि प्रस्तावित नीति तथा कार्यक्रम

**ईश्वरपुर नगरपालिकाका उपप्रमुखज्यू,**
**नगरसभाका सदस्यज्यूहरु**

१. ईश्वरपुर नगरपालिकाको १२ औं नगर सभाको यस गरिमामय अधिवेशनका अवसरमा नगरपालिका परिवार र मेरो व्यक्तिगत तर्फबाट यहाँहरू सम्पूर्णलाई हार्दिक स्वागत गर्दछु ।

२. यस गरिमामय अवसरमा जनअधिकारका लागि भएका सम्पूर्ण आन्दोलनमा सहादत प्राप्त गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरुलाई स्मरण गर्दै उच्च सम्मान अर्पण गर्दछु ।

३. संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी नेपाली जनतामा निहित सार्वभौमसत्ता, नेपालको अखण्डता, नेपाली वीचको एकतालाई अझ मजवुत तथा वृहत बनाई शान्त, समुन्नत र सुन्दर नेपालको निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारले अघि वढाएका नीति तथा कार्यक्रमलाई उच्च प्राथमिकतामा राखी ईश्वरपुर नगरपालिकाको सर्वाङ्गिण विकासको लागि नीतिगत आधारहरु तय गरेको छु ।

४. ईश्वरपुर नगरपालिका सर्लाही जिल्लाको सवैभन्दा दोस्रो ठुलो भूगोल १६३.८३ वर्ग किलोमिटर क्षेत्रफल र २०७८ सालको राष्ट्रिय जनगणनाको प्रतिवेदन अनुसार १३,७७६ घरधुरी सहित ६८,६२६ जनसंख्या भएको स्थानीय तह पनि हो । भौगोलिक विविधतायुक्त बहुजातिय, वहुभाषिक र वहुसाँस्कृतिक एवं वहुधार्मिक सौहार्दता र सहकार्य नै यस नगरपालिकाको विशिष्ट विशेषता पनि हो ।

५. स्थानीय तहको दोस्रो निर्वाचनमा ईश्वरपुर नगरपालिकालाई सम्वृद्ध गर्न हामीले तय गरेको साझा घोषणा पत्र "शिक्षा, स्वास्थ्य र रोजगार, सम्वृद्धिको मूल आधार" लाई सार्थकता दिनको लागि ईश्वरपुर नगपालिकाको प्रथम आवधिक नगर विकास योजनाको मूलनारा **"आधुनिक कृषि एवं पुर्वाधारयुक्त शहर, स्वच्छ, सम्वृद्ध ईश्वरपुर नगर"** लाई सार्थक बनाउन चालु आ.व. देखि योजना कार्यान्वयन भएको व्यहोरा सवैमा विदितै छ ।

६. आवधिक नगर विकास योजनालाई हाम्रो कार्यकाल भित्र कार्यान्वयन गरी सम्वृद्ध नगरको आधारस्तम्भ तयार गर्न हामी सवै संयुक्तरुपमा संकल्पित छौ ।

**आदरणीय नगरसभाका सदस्यज्यूहरु**

७. अब, म, आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका प्रमुख नीतिगत मार्गदर्शन, आधार र अपनाईएका पद्धति यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

- नेपालको संविधान, २०७२ मा उल्लेखित मौलिक हकको सुनिश्चिताको लागि स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्वन्धी विषय तथा प्राथमिकताहरु ।
- नेपालको संविधान, २०७२ को अनुसुची ८ तथा ९ ले स्थानीय सरकारका लागि तोकेको राजस्व परिचालनको व्यवस्था, खर्च जिम्मेबारीको क्षेत्र, अन्तरसरकारी वित्त हस्तान्तरण सम्वन्धी व्यवस्था
- स्थानीय सरकार संचालन ऐन, २०७४ का व्यवस्थाहरू,
- १६ औं पञ्चवर्षिय योजनाले निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्यहरु, रणनीति तथा कार्यक्रमहरू
- दिगो विकासका लक्ष्य प्राप्तीको लागि अङ्गिकार गरेका प्राथमिकताहरु ।
- नेपाल सरकार अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, एवं प्रदेश सरकारबाट प्राप्त वजेट सिलिङ, मार्गदर्शन एवम् निर्देशनहरु ।

- बिकासका समसामयिक मुद्दाहरूः सामाजिक सशक्तिकरण र समावेशीकरण, सामाजिक न्याय र सुरक्षा, समावेशी र वालमैत्री तथा वातावरणमैत्री स्थानीय विकास, आधारभूत स्वास्थ्य सेवा, गुणस्तरीय शिक्षा र पूर्ण साक्षरता, खाद्य तथा पोषण सुरक्षा, सरसफाई, स्थानीय पूर्वाधार विकास, टोलबस्ती विकास, आधारभूत शहरी पूर्वाधार विकास, दिगो बिकासका लक्ष्यहरु, विपद व्यवस्थापन, जलवायू परिवर्तन व्यवस्थापन लगायतका अन्तरसम्वन्धित विषयहरू ।
- ईश्वरपुर नगरपालिकाको प्रथम आवधिक नगर विकास योजनाले परिलक्षित गरेका विषयहरु,
- विषयगत समितिहरू र योजना तर्जुमा तथा कार्यक्रम छनौट समितिबाट सिफारिस भै आएका नीति तथा कार्यक्रमहरू,
- स्थानीय राजस्व परामर्श समितिबाट प्राप्त नीतिगत तथा कार्यक्रम सम्वद्ध सिफारिसहरू,
- बजेट सीमा निर्धारण समितिको निर्णयहरू,
- बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिस,
- विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, पेशागत संगठनका प्रतिनिधि, विभिन्न सरोकारवालासँगको छलफल तथा प्राप्त सुझावहरू,

८. अव म आवधिक नगर विकास योजनाको मुल नारा **"आधुनिक कृषि एवं पुर्वाधारयुक्त शहर, स्वच्छ, सम्वृद्ध ईश्वरपुर नगर"** लाई परिणाममुखी वनाउन विषयक्षेत्रगत रुपमा तयार गरिएको प्रस्तावित नीति, रणनीति, कार्ययोजना र कार्यक्रम यहाँ समक्ष प्रस्ताव गर्दछु ।

**सामाजिक विकासः**

**९. शिक्षा**

ईश्वरपुर नगरपालिकामा शिक्षाको ज्योती उजागर गर्न सामुदायिक तर्फ १ क्याम्पस, ७ वटा मावि, ३१ वटा आधारभुत तहका विद्यालयहरु र सो विद्यालयमा ३० वटा वालविकास कक्षाहरु रहेका छन भने संस्थागत तर्फ ३ मावि र १३ वटा आधारभुत विद्यालयहरु रहेका छन । १ वटा गुरुकुल विद्यालय, १२ वटा मदर्शा विद्यालय रहेका छन । यी विद्यालय र विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी र अध्ययनरत विद्यार्थीको हित सहित समग्र शैक्षिक क्षेत्रको विकासको लागि निम्नानुसारको नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

- नगरपालिका भित्र शैक्षिक व्यवस्थापन तथा शिक्षण पेशालाई मर्यादित वनाइने छ ।
- विद्यालयहरुमा शिक्षक दरवन्दी मिलान गरी एकै विद्यालयमा लामो अवधिसम्म कार्यरत शिक्षकहरुलाई नगरपालिका भित्रका अन्य विद्यालयहरुमा पठनपाठनका लागि कामकाज गर्न तोकिनेछ ।
- माध्यमिक तहका विद्यालयहरुमा आधारभूत तहको दरवन्दीमा कार्यरत शिक्षकहरुलाई सम्वन्धित माध्यमिक विद्यालयको क्लष्टर भित्र पर्ने आधारभूत विद्यालयमा एउटा निश्चित अवधिका लागि सट्टापट्टा गरी शैक्षिक पठनपाठनको लागि जिम्मेवारी तोकिनेछ । यस कार्यवाट माध्यमिक तहमा भर्ना हुन विद्यार्थीको गुणस्तरमा सुधार हुनेछ ।
- माध्यमिक तहका विद्यालयहरुमा आन्तरिक आयस्रोत व्यवस्थापन तथा व्यवस्थापकीय सुधारको आवश्यक प्रकृया अगाडि वढाइने छ ।
- प्रतिस्पर्धात्मक पद्धतिवाट कुशल व्यवस्थापन सहित तहगत रुपमा प्रधानाध्यापक नियुक्ती गर्ने व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षक, शिक्षिका एवं प्रधानाध्यापकहरु मध्येवाट उत्कृष्ट १ जना प्रधानाध्यापक र १ जना शिक्षक वा शिक्षिकालाई नगरपालिकाको वार्षिक उपलक्ष्यमा रु. ५१,०००।- को दरले नगद पुरष्कार सहित सम्मान गरिनेछ ।

- विद्यालय जाने उमेर समुहका शतप्रतिशत वालवालिकाहरुलाई विद्यालयमा भर्ना गर्नुपर्ने अभियान अर्न्तगत ईश्वरपुर नगरपालिकालाई शतप्रतिशत भर्नादर गर्ने पालिका घोषणा गरिनेछ ।
- सम्पुर्ण सामुदायिक विद्यालयहरुमा क्रमशः अंग्रेजी भाषामा पठनपाठनको व्यवस्था प्रारम्भ गरिनेछ ।
- सम्पुर्ण विद्यालयहरुमा शैक्षिक गतिविधिको लागि कार्ययोजना वनाई प्रभावकारी अनुगमनको व्यवस्था मिलाइने छ ।
- नारायण वहुमुखी क्याम्पसलाई पूर्वाधारयुक्त वनाई शैक्षिक संकाय र स्तर वृद्धि गरिने छ ।
- आधारभूत तहका विद्यालयहरु (कक्षा १-५) मा गुणस्तरीय शिक्षाको लागि नियमित विद्यालय अनुगमन, थप शिक्षक व्यवस्थापन, स-साना पुर्वाधार निर्माण र मर्मत सम्वन्धी कार्यको जिम्मेवारी वडातहको भएको हुँदा वडावाट नै बजेट विनियोजन हुने नीतिगत व्यवस्था गरेको छु ।
- माध्यमिक विद्यालयको लागत साझेदारीमा विद्यालयको क्लष्टर भित्र पर्ने स्थानहरुवाट विद्यार्थीलाई विद्यालयसम्मको पहुँच कार्यक्रम अन्तर्गत नेपाल राष्ट्रिय जनता माध्यमिक विद्यालय कालिन्जोरको लागि स्कुल वस खरिद गरिनेछ ।
- विद्यार्थीहरुको वौद्धिक विकास र आन्तरिक क्षमता प्रस्फुटनका लागि विभिन्न प्रतियोगिता सञ्चालन गरिनेछ ।
- विद्यालयस्तरमा यसै आर्थिक वर्षवाट प्रारम्भ गरिएको स्काउट कार्यक्रमलाई निरन्तरता र विस्तार गरिनेछ ।
- छात्राहरुलाई विद्यालयसम्म पहुँचका लागि साइकल खरिद तथा वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- गैर सरकारी संस्थाको साझेदारीमा स्थानीय भाषामा पाठ्यक्रम निर्माणको लागि आवश्यक नीतिगत व्यवस्था गरी पाठ्यक्रम निर्माण गरिनेछ ।
- SEE उर्तिण गरी उच्च शिक्षा हासिल गर्न चाहने गरिब जेहेन्दार दलित विद्यार्थीलाई प्रतिव्यक्ति रु. १०,०००।- छात्रवृति दिइनेछ ।
- श्री सरस्वती मा.वि. भक्तिपुरमा नयाँ शैक्षिक शत्र देखि प्राविधिक शिक्षा सञ्चालनको लागि आवश्यक व्यवस्था र पहल गरिनेछ ।
- देशका अन्य स्थानीय तहले विद्यालय शिक्षाका लागि गरिएका उत्कृष्ट अभ्यासहरुको अध्ययन अवलोकन गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- आवधिक योजनाको अवधिभरमा सवै विद्यालयको पुर्वाधार निर्माण गरि पुर्वाधारयुक्त वनाइनेछ ।

## १०. स्वास्थ्य

नगरवासीको आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न हाल १ नगर अस्पताल ५ वटा स्वास्थ्य चौकी, ४ वटा वर्थिङ सेन्टर र ७ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र र १ वटा आर्यूवेद सेवा केन्द्रवाट जनस्वास्थ्यको सेवा प्रवाह भइरहेको छ । भरतपुर आँखा अस्पतालको साझेदारीमा आँखा उपचार केन्द्र स्थापना गरी सेवा प्रारम्भ भएको छ । ईश्वरपुर नगरपालिका लगायत सर्लाही, महोत्तरी र रौतहट जिल्लाका मृगौला रोगीहरुको नियमित डायलासिस सेवाका लागि अन्यत्र जानु पर्ने वाध्यतालाई अन्त्य गर्न ईश्वरपुर नगर अस्पतालवाट मृगौलाको डायलासिसको सेवा प्रारम्भ गर्ने संकल्प अनुरुप पहिलो चरणमा पुर्वाधार तयारी कार्य सम्पन्न भइसकेको छ । दोस्रो चरणमा, आवश्यक कानुनी तथा नीतिगत प्रकृयाहरु पुरा गरी सेवा सञ्चालन प्रारम्भ गरिनेछ । सामुदायिक स्वास्थ्य सेवा अभियान अर्न्तगत हाल सञ्चालनमा रहेको नगर अस्पताललाई मृगौलाको डायलासिसको सेवा सहित मधेश प्रदेश सरकारसंग समन्वय गरि २५ वेडको प्रादेशिक अस्पतालको रुपमा

नगर अस्पताललाई रुपान्तरण गर्न प्रदेश सरकारसंग सहकार्य गरिनेछ । स्वास्थ्य सेवा प्रवर्द्धनका लागि देहायअनुसारको नीतिगत व्यवस्था प्रस्ताव गरेको छु ।

- विपन्न गर्भवती महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउँदै आएकोमा आगामी आ.व. देखि कार्यविधि निर्माण गरी विपन्न तथा असहाय जेष्ठ नागरिकहरुलाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।
- शव वाहन सेवालाई निरन्तरता दिइनेछ । विपन्न समुदायलाई यो सेवा निशुल्क गरिनेछ ।
- नगर अस्पतालमा डिस्पेन्सरी सेवा सञ्चालन गरिनेछ ।
- विपन्न नागरिकहरुको स्वास्थ्य बिमा सहयोग कार्यक्रम प्रारम्भ गरिने छ ।
- जेष्ठ नागरिकसँग मेयर तथा जेष्ठ नागरिकका लागि घुम्ती स्वास्थ्य सेवा वडास्तरमा संचालन गरिनेछ ।
- महिला स्वंयसेविकाहरुलाई दिइदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।
- आर्युवेद सेवा केन्द्रवाट दिइदै आएको सेवालाई निरन्तरता दिइने छ ।
- आर्युवेद अस्पतालको रुपमा विकास गर्न भवन निर्माणको जग्गा प्राप्त भएपश्चात संघीय निकायवाट बजेट विनियोजन गर्न आवश्यक पहल गरिनेछ ।
- स्वस्थ्य जीवनशैलीको लागि योगा महत्वपुर्ण भएकोले आर्युवेद सेवा केन्द्रवाट योग अभ्यासको कार्यक्रमलाई निरन्तरता दिदै वडातहसम्म पहुँच पुर्‍याइने छ ।
- केन्द्र तथा प्रदेश सरकार र जिल्ला अस्पतलसँग समन्वय गरी समय समयमा विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य परीक्षण शिविरको आयोजना गरिने छ ।
- पुर्ण खोप पालिका, दिगोपना कायम राख्ने, पोषणमैत्री पालिका घोषणा, जिरो होम डेलिभरि गर्ने कार्यक्रमहरु अवलम्बन गरिनेछ ।
- मातृ मृत्युदर शुन्यमा झार्न हरेक गर्भ इच्छित र हरेक शिशुको जन्म सुरक्षित बनाईनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवामा सबै नगरवासीको पहुँच पुऱ्याउन अनिवार्य स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गरी क्रमशः अधिकतम स्वास्थ्य सेवा प्रदान गर्दै लगिनेछ ।
- प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवं बाल तथा शिशु स्वास्थ्य सेवा बारेमा जनचेतना अभिबृद्धि तथा शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको साथै प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य, मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन बहुक्षेत्रीय पोषण योजना, सुनौलो हजार जस्ता विद्यमान योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन एवं अन्य प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- क्षयरोग, कुष्ठरोग, यौनरोग तथा एच.आई.भी. एड्स, लागु औषध दुर्व्यसन र सर्ने, नसर्ने रोगको रोकथाम तथा उपचार तथा सचेतनामूलक एवं उपचारात्मक र पुर्नस्थापनाका कार्यक्रमहरु सञ्चालन गरिने छ । अन्य कीटजन्य रोग नियन्त्रण एवं मानसिक स्वास्थ्य, निशुल्क आँखा सेवा बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवं सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिने छ ।
- आँखा उपचार केन्द्रलाई वडा नं. ९ स्थित निर्माणाधिन Shelter House मा अन्य थप पुर्वाधारको व्यवस्था गरी आँखा अस्पतालको रुपमा विकास गरी नियमित आँखा अपरेशन कार्यक्रम सञ्चालन गरिनेछ ।
- आधारभूत तहका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापनका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- नेपाल सरकारको एक वडा एक स्वास्थ्य संस्था भन्ने नीतिअनुरुप वडा नं. ११ र १३ मा स्वास्थ्य संस्थाको भवन निर्माण गरी सेवा सञ्चालन प्रारम्भ गरिनेछ ।

## ११. स्वच्छ खानेपानी

- ईश्वरपुर नगरपालिका वडा नं. १२ कालिन्जोर खानेपानीको अत्यन्त समस्या भएको क्षेत्र भएकोले दिगो र स्वच्छ खानेपानीको व्यवस्था सहित स्थायी रुपमा समस्या समाधानका लागि संघीय सरकार र प्रदेश सरकारको सहयोगको आवश्यकतालाई मध्यनजर गरी सहकार्यका लागि भएका प्रयासहरुलाई निरन्तरता दिइनेछ ।
- कालिन्जोरमा दिगो खानेपानी व्यवस्थापनको लागि एकीकृत संस्थागत संरचना निर्माण गरी सहकार्यमा तल्लो तटीय क्षेत्रमा खानेपानी समस्या समाधानका लागि डिपिआर तयार गरी संघीय सरकार, प्रदेश सरकार एवं विभिन्न दातृ निकायसंग आवश्यक समन्वय गर्दै विशेष प्राथमिकताका साथ योजना कार्यान्वयन गरिने छ ।
- वडा नं. १३ र १४ समेत खानेपानीको समस्याग्रस्त क्षेत्र भएको हुँदा निर्माणाधिन ओभरहेड प्रणालीलाई सम्पन्न गरी सञ्चालनको सम्वद्ध निकायसंग विशेष पहल गरिनेछ ।
- अति आवश्यक स्थानमा तत्काल समस्या समाधानको लागि वडाको सहकार्यमा डिपट्युवेल जडान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ईश्वरपुर नगरपालिका क्षेत्रमा स्वच्छ खानेपानी व्यवस्थाको लागि वडा नं. ५ र ९ मा ओभरहेड ट्याकीको व्यवस्था भएको र उक्त ओभरहेड ट्यांकीवाट वडा नं. ४, ५, ७, ८ र ९ मा खानेपानी वितरण हुँदै आएको छ । यसलाई दिगोरुपमा सञ्चालन व्यवस्थापनको लागि वडा नं. ४ मा थप वोरिङ जडान गर्न सम्वन्धित निकाय समक्ष आवश्यक पहल गरिनेछ ।
- अन्य वडामा पनि स्वीकृत भएका आयोजना सम्पन्न गरी सञ्चालनको व्यवस्था गर्न सम्वन्धित निकायमा विशेष पहल गरिनेछ ।

## १२. महिला, वालवालिका, जेष्ठ नागरिक तथा अन्य लक्षित समुह

- विपन्न र पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी सशक्तिकरण, क्षमता विकास र नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरु सबै वडामा सञ्चालन गरिनेछ ।
- ईश्वरपुर नगरपालिकालाई वालमैत्री शासनयुक्त नगरपालिका वनाउने अभियान प्रारम्भ गरिने छ । स्थानीय तहको नीति, संरचना, प्रणाली र कार्य प्रकृया एवम् योजना तर्जुमा, श्रोतको विनियोजन, कार्यान्वयन एवं अनुगमन मूल्याङ्कनमा विशेष ध्यान पुऱ्याउदै यथाशिघ्र यस नगरलाई वालमैत्री नगर बनाउने नीति तर्जुमा गरी कार्यान्वयन प्रकृया अगाडि वढाइने छ ।
- वालविवाह मुक्त नगरपालिका, वालश्रम मुक्त नगरपालिका प्राथमिकता राखी कार्यक्रम वनाइने छ ।
- अपाङ्गता भएको व्यक्तिहरुको लगत संकलन गरी आवश्यक शीपमुलक तालिम र सहायता सामग्रीमा सहयोग गर्दै आत्मनिर्भर बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि विद्यमान लैङ्गिक तथा सामाजिक विभेद कम गर्न सामुदायिक सचेतना र सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरी संस्थागत तथा व्यक्तिगत क्षमता विकासमा विशेष जोड दिईनेछ ।
- वाल उद्यान निर्माणका लागि सम्भांव्यता अध्ययन गरी योजना निर्माण गर्न बजेट विनियोजन गरिने छ ।
- जेष्ठ नागरिक लक्षित कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

## १३. युवा तथा खेलकुद विकास

आजका युवालाई भोलीका जिम्मेवार नागरिक वनाउने अभियानमा सघाउ पुर्‍याउने कार्यक्रमलाई टेवा दिने विभिन्न कार्यक्रमहरु संचालन गरिने छ । युवालाई रोजगारी र विकासको कार्यमा जोडनु पर्ने आवश्यकता महशुस गरि युवामैत्री रोजगार कार्यक्रम अर्न्तगत सिप विकास सम्वन्धी कार्यक्रमहरु संचालन गरिने छ । युवा र खेलकुद वीच अपरिहार्य सम्वन्ध रहेको हुन्छ । युवालाई स्वस्थ्य र स्फुर्त वनाउन अभिरुची अनुसारका खेलकुदका कार्यक्रमहरु सञ्चालन गरिनेछ । विगतमा जस्तै क्लवहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्न सहयोग गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

- संघीय तथा प्रदेश सरकारको समन्वय र सहयोगमा एक वडा एक खेल मैदान कार्यक्रम अर्न्तगत पुर्वाधार तयार गरिनेछ ।
- संघीय सरकारको एक पालिका एक रंगशालाको नीतिलाई कार्यान्वयन गर्न विशेष पहल गरिनेछ ।
- खुला व्यायमशाला निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- एक नगर एक फुटवल र एक क्रिकेट खेल मैदान र एक कभर्डहलको पुर्वाधार निर्माणको लागि स्थान छनौट गरिने छ ।
- रंगशाला निर्माणको लागि डिपिआर तयार गरी आवश्यक बजेट विनियोजनका लागि संघीय तथा प्रदेश सरकार समक्ष विशेष पहल गरिनेछ ।
- नगरपालिकामा फुटवल, भलिवल, क्रिकेट जस्ता खेलकुदमा सवै वडालाई प्रतिस्पर्धी वनाई नगरस्तरीय खेलकुद प्रतियोगिता वार्षिकरुपमा सवै वडामा आलोपालो गरी नियमित रुपमा प्रतियोगिता सञ्चालन गर्ने नीतिगत व्यवस्था गरी संस्थागत संरचनाहरु तयार गरी खेल प्रतियोगता सञ्चालन गरिनेछ ।
- वडा नं. ६, ७, ८, ९, १० र ११ लाई केन्द्रित गर्दै उपर्युक्त स्थान छनौट गरी फुटवल र क्रिकेट अभ्यासका लागि Training Center व्यवस्थापन गरि अभ्यास प्रारम्भ गरिनेछ ।
- विद्यालयस्तरमा फुटवल र क्रिकेट खेल अभ्यास सञ्चालन गर्न १ वर्षको लागि प्रशिक्षक नियुक्ति गरी अभ्यास प्रारम्भ गरिने छ ।
- विद्यालयका वालवालिकाहरुलाई खेलकुदसंग आकर्षण गराउन खेल प्रशिक्षकको व्यवस्थालाई निरन्तरता दिएको छु ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको माध्यमवाट खेलकुदमा उत्कृष्ट प्रतिभाको चयन गरि जिल्लास्तरीय, प्रदेशस्तरीय प्रतियोगितामा सहभागिताको लागि विशेष सहयोग गर्ने व्यवस्था मिलाएको छु ।

## १४. गैर सरकारी संस्थासंग सहकार्य

सामाजिक क्षेत्रको विकासकोलागि गैर सरकारी संस्थाको भूमिका महत्वपुर्ण रहने हुन्छ । विशेषतः महिला, बालवालिका, जेष्ठ नागरिक, दलित, अति विपन्न गरिव, पिछडिएको वर्गको सामाजिक र आर्थिक उत्थानमा गैरसरकारी संस्थाको अपरिहार्यतालाई महशुस गरी ईश्वरपुर नगरपालिकामा कार्यक्षेत्र वनाई काम गर्न इच्छुक राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थालाई विशेष प्रोत्साहन गरिनेछ । हाल कार्यरत सेभ द चिल्ड्रेन, ग्रामीण नारी उत्थान संघ, रुपान्तरण नेपाल, वागमती सेवा समाज, वन हर्ट, मेरी स्टोप जस्ता संस्थासंग भई रहेको सहकार्यलाई निरन्तरता दिइने छ । स्थानीय तह र गैसस एवं नीजिक्षेत्र वीच साझेदारी प्रवन्धको लागि आवश्यक नीति र कार्यविधि तयार गरिने छ ।

## १५. टोल सुधार समिति

- स्थानीयस्तरको विकासमा टोलसुधार संस्थाको महत्वपुर्ण भूमिका रहने गर्दछ । पटके उपभोक्ता समितिलाई विस्थापित गरि स्थानीय नागरिकहरुको सक्रियतामा गठन भएको संस्थागत संरचना टोल सुधार समितिलाई स्थानीयस्तरको विकास निर्माण कार्यमा जिम्मेवार वनाईने नीति अवलम्वन गरिनेछ ।
- हाल वडा नं. ४ मा मात्र गठन भएको टोल सुधार संस्था गठन अन्य वडामा पनि विस्तार गरिनेछ ।
- विशेषतः फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण, जनचेतना अभिवृद्धि सम्वन्धी कार्यक्रम टोल विकास संस्थाको सहकार्यमा गरिने नीति अवलम्वन गरिनेछ ।

## १६. नागरिक सुरक्षा र सुरक्षा निकायको सबलीकरण

- नागरिकको सुरक्षाको प्रत्याभूति राज्यको तर्फवाट सुनिश्चित हुनु पर्ने व्यवस्थालाई सघाउ पुर्‍याउन भौगोलिक दुरीको हिसावले विद्यमान प्रहरी कार्यालयावाट ईश्वरपुर नगरपालिका भित्रका केही वडामा शान्ति सुरक्षा व्यवस्थापन गर्न कठिनाई देखिएकोले हालै वडा नं. १२ कालिन्जोरमा स्थापना गरिएको अस्थायी प्रहरी चौकीलाई स्थायीरुपमा रुपान्तरण गर्न र भवन निर्माणका लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।
- फुलजोर चोकमा रहेको अस्थायी प्रहरी चौकीको भवन वडा-नगर साझेदारीमा निर्माण गरिने छ ।
- हालको ईलाका प्रहरी कार्यालय केशरगंजलाई स्तरोन्नती गरी प्रहरी नायव उपरीक्षक (डिएसपि) को दरवन्दी कायम गर्न सम्वन्धित निकायमा पहल गरिनेछ ।
- बयलवास बजार क्षेत्रमा सुरक्षा व्यवस्था निगरानीको लागि सिसि क्यामेरा जडानलाई विस्तार गरिने छ । अन्य बजार क्षेत्रमा क्रमशः सिसि क्यामेरा जडान गरिदै लगिनेछ ।
- सुरक्षा निकायको भौतिक सुधार सबलीकरणमा सहयोग पुर्‍याइनेछ ।

## १७. नगर प्रहरी

- नगर प्रहरीको भर्ना प्रकृयाको अन्तिम नतिजा प्रकाशिन गरी उर्तिण उम्मेदवारहरुलाई आवश्यक सेवाकालिन तालिम प्रदान गरी कार्य सञ्चालनको लागि परिचालन गरिनेछ ।
- मुख्यतः सडक क्षेत्रमा सवारी साधान व्यवस्थापन, बजार व्यवस्थापन, व्यवसाय कर संकलन, आन्तरिक सुरक्षा व्यवस्थापनमा नगर प्रहरीलाई परिचालन गरिनेछ ।

## १८. संस्कृति प्रवर्द्धन

- विभिन्न धर्म, संस्कृति, चाडपर्व, कला र रितीरिवाजलाई बचाई राख्न सम्बन्धित धार्मिक पूर्वाधारहरुको संरक्षण, सम्बर्द्धन र स्तरोन्नती गरी पूजा-पाठ, मेला संचालन वा अन्य प्रवर्द्धनात्मक कार्यमा सहयोग पुऱ्याईने नीति अवलम्वन गरिनेछ ।
- ईश्वरपुर नगरको ऐतिहासिक तथा साँस्कृतिक मूर्त तथा अमूर्त सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धनमा विद्यालय परिवार र स्थानीय क्लवलाई परिचालन गर्ने नीति लिईनेछ ।
- ईश्वरपुर नगरपालिका, हरिपुर नगरपालिका र लालवन्दी नगरपालिका वीच हालै भएको समन्वय र सहकार्यमा ३ वटै नगरपालिकालाई क्लष्टर वनाई थारु सांस्कृतिक संग्राहलय, तामाङ सांस्कृति संग्रालय निर्माण कार्यको प्रकृया अगाडि वढाइने छ ।
- फुलजोरमा रहेको गुम्वामा बुद्धको मुर्ति प्रतिस्थापन गरिने छ ।

## आर्थिक विकास

नागरिकको आर्थिक उन्नती विना समग्र नगरको उन्नती नहुने संभावनालाई मध्यनजर गर्दै आ.व. २०८१/०८२ लाई आर्थिक विकास सुदृढीकरणको वर्षको रुपमा घोषणा गर्दै विशेष प्राथमिकता दिइने छ । स्थानीयस्तरमा रोजगारी वृद्धि गर्न आर्थिक क्रियाकलापमा स्थानीय सहभागिता अभिवृद्धि तथा वाह्य लगानी प्रवर्द्धन गर्ने व्यवस्था अगाडि वढाइने छ । स्थानीय आयस्रोतको दायरा बढाई नगरको आय बृद्धि गर्ने र स्थानीय प्राथमिकताका क्षेत्रमा लगानी बढाउँदै स्वावलम्बन हासिल गर्ने दिशामा उन्मुख हुन वातावरण सृजना गरिनेछ । ईश्वरपुर नगरपालिकाको आर्थिक विकासको अवस्थिति अध्ययनको लागि आर्थिक सर्वेक्षण गरिनेछ । यसका साथै औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमजीविहरुको गणना गरी रोजगार सम्वन्धी रणनीतिक योजना तर्जुमा गरिनेछ ।

## १९. कृषि विकास

- आ.व. २०८१/०८२ लाई आर्थिक विकास सुदृढीकरणको वर्षको रुपमा घोषणा गर्दै कृषि क्षेत्रको प्रवर्द्धन गर्न आवश्यक रणनीतिक योजना तर्जुमा गरी वडासंगको साझेदारीमा दिगो सिंचाई व्यवस्थापनका लागि कम्तिमा एक वडा, एक स्टेट वोरिङ जडान गरी एकिकृत सिंचाई प्रणालीको विकास र व्यवस्थापन गरिनेछ । यसका लागि थप सहयोग प्राप्त हुने क्षेत्रहरुसंग आवश्यक पहल र समन्वय गरिनेछ ।
- यस नगरपालिकाका कृषकहरुलाई कृषि खेतिमा आत्मनिर्भर बनाउन तरकारी खेतीलाई प्रोत्साहन गर्न संघिय सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरि वडा नं. ५ फुलजोरमा आवश्यक जग्गा व्यवस्थापन गरी कृषि बजार व्यवस्थापन र पुर्वाधार तयार गरिनेछ ।
- वडा नं. १३ र १४ तरकारी तथा फलफुल वालीको पकेट क्षेत्र भएकोले हेल्भटास नेपालको सहयोगमा स्थानीय सहकारीसंग भएको सम्झौता अनुरुपका कार्यक्रमहरु सञ्चालनको लागि निरन्तरता दिइनेछ । निर्माणाधिन तरकारी संकलन केन्द्रलाई सम्पन्न गरी थप विस्तारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वडा नं. १३, १४ र १५ का किसानहरुलाई फलफुल तथा तरकारी भण्डार गरी अफ सिजनमा विक्री वितरण गर्ने कार्यका लागि सम्वन्धित निकायको सहयोगमा वहुवर्षिय योजनामा समावेश गरी शित भण्डार निर्माण गरिनेछ ।
- संघीय सरकारको नीति बमोजिम कृषकहरुलाई कृषक समुहमा आवद्ध गर्दै कृषि सहकारी गठन गरी ढुवानीको साधनमा प्राप्त हुने छुट रकमको उपयोग गरी ढुवानीको साधन खरिद गर्न आवश्यक सहयोग गरिनेछ ।
- समुहमा खेती गर्ने किसानहरुलाई आवश्यक प्रविधिहरु अनुदानको रुपमा हस्तान्तरण गरिनेछ ।
- मकै खेतीलाई संरक्षण, प्रबर्द्धन तथा प्रोत्साहित गर्न मकै पकेट क्षेत्र कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइने छ ।
- उन्नत विउ विजन, मलखाद सर्वसुलभ मिलाउन सम्वन्धित निकायहरुसंग पहल गरी आवश्यक प्रवन्ध गरिनेछ ।
- कृषि विद्युतिकरण, डिप बोरिङ, कृषि बाटो निर्माण कार्यलाई प्राथमिकताका साथ अवलम्बन गरिने छ ।
- कृषि सिंचाई मोटर विद्युतको महशुल प्रदेश सरकारको सहकार्यमा किसानलाई अनुदान दिने कार्य प्रारम्भ गरिनेछ ।
- सतह सिंचाईको लागि अमुवा खोलाको विशष सम्भावना देखिएकोले अमुवा खोला लगायत बाँकेखोलावाट सिचाई सुविधा उपलब्ध गराउने व्यवस्थाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- नक्टाझिजसंग सहकार्य गरि वन्द भएको सिंचाईका संरचनाहरु मर्मत गर्ने र अन्य नयाँ संरचनाहरु निर्माण गर्न सहकार्यको लागि पहल गरिनेछ ।

- कृषि तथा पशु सेवा कार्यालयको भवन जिर्ण अवस्थामा रहेकोले नयाँ भवन निर्माणको लागि सम्वन्धित निकायमा पहल गरिनेछ ।

## २०. पशु विकास

- वडा नं. १२ र १५ मा पशु सेवा केन्द्र सञ्चालनको लागि निरन्तरता दिएको छु । अन्य वडामा सेवा प्रवाह गर्न नीजि प्राविधिकहरुसंग समन्वय गरि आवश्यक प्रवन्ध मिलाइने छ ।
- माछापालन व्यवसाय कृषि व्यवसाय भएको हुँदा पोखरीमा पानी भर्न निर्माण गरिएका संरचनाहरुको विद्युत महशुललाई अनुदान दिने व्यवस्थाका लागि सम्वन्धित निकाय समक्ष विशेष पहल गरिनेछ ।
- विपन्न, दलित, एकल महिला, बेरोजगार यूवाको आय आर्जन अभिबृद्धका लागि बाखा, बंगुर वितरण एवम् व्यवसायिक फर्म प्रबर्धन गर्न आवश्यक प्रविधि र प्राविधिक सहयोग उपलब्ध गराईने छ ।
- पशुबस्तुमा लाग्ने विभिन्न महामारीजन्य रोग नियन्त्रणको लागि प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।
- वडास्तरमा सेवा प्रवाह गर्न ट्रेबिज निर्माण गरिनेछ ।
- दुग्ध उत्पादक किसानहरुलाई सहकारीमा आवद्ध गराई उत्पादित दुग्ध पदार्थलाई भण्डारण गर्न लागत साझेदारी अनुदानमा चिलिङ भ्याट उपलब्ध गराइनेछ ।

## २१. सहकारी, गरिवी निवारण, वित्तिय र अन्य क्षेत्र

- ईश्वरपुर नगरपालिका क्षेत्र भित्र स्थापना भई सञ्चालनमा रहेका सवै प्रकारका सहकारीहरुको नियमित नियमन र अनुगमन सम्वन्धी कार्य गरिनेछ । यसका लागि आवश्यक नीतिगत व्यवस्था गरि वडा समितिलाई जिम्मेवारी तोकिनेछ ।
- लघु उद्यम विकासको माध्यमबाट गरिबी निवारणका लागि विभिन्न आयमुलक तथा सीपमुलक कार्यक्रमहरु सञ्चालन गर्न निजी क्षेत्र समेतको सहकार्यमा आवश्यक व्यवस्था मिलाईने छ ।
- सर्वसाधारण जनताको बैकिङ्ग सेवामा पहुँच बृद्धि गर्न बजार उन्मुख अन्यक्षेत्रमा बैंक तथा वित्तिय संस्थाहरु स्थापना र संचालन गर्न प्रोत्साहन दिने नीति अवलम्बन गरिनेछ ।
- सहकारी र वित्तिय क्षेत्रको विकास र विस्तारकालागि आवश्यक नीति तयार गरिनेछ ।
- नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोगलाई पारदर्शी र प्रभावकारी उपयोग गरी नगरमा आर्थिक विकासलाई तिव्रता दिने नीति लिईने छ । आर्थिक विकासका कार्य गर्दा रोजगारी वृद्धि, गरिवी न्यूनीकरण तथा सामाजिक समावेशीकरणमा जोड दिईनेछ ।
- उद्दमशीलता विकास गरी आयआर्जन गर्न समुदायको क्षमता विकास गरी परिचालन गरिनेछ ।

## २२. रोजगारी सृजना

स्थानीय रोजगारी प्रवर्द्धन तथा उद्दमशीलता बिकासका लागि १५ वटै वडाका छनौट भएका यूवालाई यूवा उद्दमशीलता तालिम प्रदान गरिनेछ । यस्तै गरी बैदेशिक रोजगारबाट घर फर्कीएका यूवालाई स्थानीय विकास तथा रोजगारी प्रवर्द्धनमा अभिप्रेरित गर्नका लागि छनौट भएका यूवालाई वैदेशिक उद्दमशीलता सदुपयोग कार्यक्रम अन्तर्गत सहयोग गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत छनौट भएका बेरोजगार युवाहरुलाई पुर्वाधारजन्य रोजगारी उपलब्ध गराई पुर्वाधार निर्माणमा सहयोग पुर्‍याइने छ ।

## २३. पर्यटन विकास र उद्योग

- आन्तरिक पर्यटन प्रवर्द्धनका लागि संभाव्यता अध्ययन गरी पर्यटन पुर्वाधार निर्माण गरिने छ । वडा नं. १२ को राजारानी डाडा, वडा नं. ४ को सागरनाथ महादेव मन्दिरको परिसरमा धार्मिक पर्यटन क्षेत्र, वडा नं. ३ पक्कावाँध सिमसार क्षेत्र, वडा नं. ६ को फुलजोर वावा मन्दिर, दस विगाहा उद्यान क्षेत्रमा पिकनिक स्पटका आधारभूत संरचनाहरु निर्माण गरी पर्यटन प्रवर्द्धनको लागि थप बजेटको व्यवस्था हुन संघीय र प्रादेशिक सरकार समक्ष प्रस्ताव पेश गरिनेछ ।

- नगरपालिका क्षेत्रभित्र रहेका सिमसार क्षेत्रको सम्भाव्यता अध्ययन गरि सिमसार क्षेत्रको संरक्षण, पोखरी निर्माण तथा पार्क निर्माण कार्यलाई विशेष प्राथमिकता दिइने छ ।
- नगरपालिका क्षेत्रको चार दिशा (पुर्व, पश्चिम, उत्तर र दक्षिण)मा उयुक्त स्थान छनौट गरी वडाको लागत साझेदारीमा पार्क निर्माण कार्य प्रारम्भ गरिनेछ ।

## २४. औद्यौगिक क्षेत्र प्रवर्द्धन कार्यक्रम

- सरकारी स्वामित्वमा रहेका ऐलानी पर्ति, नदि उकास जग्गाको लगत संकलन गरि त्यस्ता जग्गाहरुमा उद्योग स्थापनाको लागि आवश्यक पूर्वाधार तयार गरि लगानीमैत्री नीति तर्जुमा गरिने छ ।
- औद्योगिक ग्राम सञ्चालनको लागि आवश्यक नीति तथा कार्यविधिहरु तयारी गरिने छ । घरेलु साना तथा मझौला उद्योग स्थापनाको लागि विशेष प्राथमिकता दिइने छ ।

## २५. उपभोक्ता हकहित संरक्षण

- उपभोक्ता हकहित संरक्षणलाई ध्यान दिई स्थानीय प्रहरी प्रशासन, उद्योग वाणिज्य संघ, नागरिक समाज, संचारकर्मी र सरोकारवाला निकायहरुसँग समन्वय गरी बजारमा हुने कृत्रिम अभाव, कालो बजारी र एकाधिकारलाई नियन्त्रण र निरुत्साहित गर्ने कार्यलाई कार्यविधि स्वीकृत समेत भएको हुँदा नियमित अनुगमन गर्ने व्यवस्था गरिनेछ ।

## २६. बयलवास बजार तथा अन्य बजारको विकास

ईश्वरपुर नगरपालिकाको केन्द्रको रुपमा रहेको बयलवास बजारको सर्वाङ्गिण विकासको लागि तयार भएको विस्तृत परियोजना प्रतिवेदन (DPR) वमोजिम २ वटा व्यवसायिक भवन निर्माण सम्पन्न हुने क्रममा रहेको छ । अन्य पुर्वाधारहरु निर्माण गर्न नगर विकास कोषसंग दीर्घकालिन ऋण सहयोग लिने नीति अवलम्वनका साथै बयलवास बजारको व्यवस्थापन र विस्तार सम्वन्धमा देहायअनुसारको नीति अवलम्वन गरिनेछ ।

- हाल रहेको पशु हाट बजारलाई उपयुक्त स्थान छनौट गरि स्थानान्तरण गरिनेछ ।
- पशु वधशालालाई अत्याधुनिक वधशाला निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।
- साप्ताहिक हाट बजारलाई नियमित र स्थायी बजारको रुपमा रुपान्तरण गरिनेछ ।
- वयलवास बजार पार्किङ हुँदै आएको साना तथा मझौला सवारी साधनलाई वडा नं. ९ मा रहेको खुला चौरलाई व्यवस्थित गरि स्थानान्तरण गरिनेछ ।
- वयलवास बजारको मुलसडकमा खाली रहेको स्थानमा सार्वजनिक शौचालय, नागरिक सहायता केन्द्र र यात्रु प्रतिक्षालय निर्माण गरिने छ ।
- नगरपालिका क्षेत्र भित्रका अन्य प्रमुख बजारहरु (विरेन्द्र बजार, चौलिखा बजार, महारानी बजार, सुकनाहा बजार, रामपुर खाल्टे बजार, सागरनाथ बजार, बेला-खैरा बजार र रामनगरको बजारमा थप पुर्वाधार सुधारको कार्य क्रमश गरिने छ ।

## पूर्वाधार विकासः

ईश्वरपुर नगरपालिकाको भुगोल १६३.८३ वर्ग किलोमिटर भएको हुँदा विकासका पुर्वाधारको आवश्यकता सोही बमोजिम नै रहने गर्दछ । साविकमा ५ वटा गाविसलाई समावेश गरि १५ वटा वडामा विभाजन भएको नगरपालिका उत्तरमा चुरे क्षेत्र देखि दक्षिणमा समतल मैदान फैलिएको छ । नगर यातायात गुरु योजनामा उल्लेख भएबमोजिम करिव ३१५.६१ कि.मि. सडकहरु नगर क्षेत्रमा रहेका छन । राष्ट्रिय राजमार्ग, हुलाकी मार्ग र जिल्लास्तरीय वाहेकका सवै सडकहरुको क्षेत्राधिकार नगरपालिका भित्र पर्ने भएकोले सडक निर्माणको महत्वपुर्ण दायित्व नगरपालिकाको रहेकोछ । नगरपालिकामा प्राप्त सिमित अनुदानका बजेटवाट प्राथमिकतामा आधारित नगरस्तरीय सडकहरुको वार्षिक रुपमा केही किलोमिटर कालोपत्रे गर्ने र वडातहका सडकहरुको

स्तरोन्नती गर्न कार्य नियमित रुपमा हुँदै आएको छ । सडकको अतिरिक्त पुल पुलेसा, सडक संरक्षण, ढल निकास तथा नाला निर्माण आदि कार्य पनि नियमित रुपमा हुँदै आएको छ । यी वाहेक सामाजिक विकास क्षेत्रको पुर्वाधार, आर्थिक विकास क्षेत्रका पुर्वाधार, विपद व्यवस्थापन सम्वन्धी पुर्वाधार पनि महत्वपुर्ण हुन । यी सवै पुर्वाधारहरुलाई संघीय सरकार र प्रदेश सरकारको सहयोग र साझेदारीमा आवश्यकता र प्राथमिकतालाई मध्येनजर गरि क्रमश निर्माण गर्न देहायअनुसार नीति तर्जुमा गरेको छु ।

- नगरपालिकावाट निर्माण भएका सार्वजनिक पुर्वाधारहरुको आकस्मिक मर्मत गर्न मर्मत संभार कोषको नीतिगत व्यवस्था र आवश्यक बजेट व्यवस्था गरि आकस्मिक मर्मत सुधार कोष खडा गरिने छ ।
- चालु आ.ब.मा शुरू गरी सम्पन्न हुन बाँकी योजनाहरूलाई प्राथमिकतामै राखी आगामी आ.ब. मा सम्पन्न गरिनेछ ।
- ठुला आयोजना निर्माण गर्दा अनिवार्यरुपमा वातावरणीय अध्ययन र प्रभाव मूल्यांकन गरिने छ ।
- सवै वडाका कालोपत्रे हुन बाँकी रहेको मुख्य सडकहरुको कालोपत्रेको लागि वडासंग सहकार्यमा आवधिक योजनाको अवधिभरमा कालोपत्रे निर्माण कार्य सम्पन्न गरिनेछ ।
- शहरी सुन्दरता र शान्ति सुरक्षाको लागि **"उज्यालो शहर, ईश्वरपुर नगर"** अभियानलाई निरन्तरता दिइनेछ ।
- नगरक्षेत्र भित्र वसपार्क निर्माणको सम्भाव्यता अध्ययन गरी डिपिआर तयार गरिनेछ ।
- मुख्य सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयको ब्यवस्था गरिनेछ ।
- नगरको बडा नं ३ स्थित बाँध टोल दुर्गा मन्दिरमा वाल उद्यान निर्माण गरिनेछ । पूर्व पश्चिम राजमार्ग नजिक उपयुक्त स्थानमा यात्रु विश्राम पार्क निर्माण गर्ने कार्य आगामी आ.ब.मा सुरू गरिनेछ
- संघीय सरकार र प्रदेश सरकारवाट उपलब्ध हुने विशेष अनुदान र सम्पुरक अनुदान तर्फको बजेटवाट ठुला पुर्वाधारमा लगानी गर्ने नीति सुनिश्चित गरिनेछ ।

## २७. भवन निर्माण, नक्सा पास

- नयाँ निर्माण गरिने भवनको अनिवार्य रुपमा नक्सा पास गराइ मात्र निर्माण गर्न अनुमती दिइनेछ ।
- अनिवार्य रुपमा नक्सा पास गराइ मात्र निर्माण गर्ने कार्यका लागि स्थानीयस्तरमा सचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ईश्वरपुर नगरपालिका क्षेत्रभित्र निर्माण भएको सवै सरकारी तथा सार्वजनिक भवनहरुको अभिलेखीकरण गरिनेछ ।

## २८. नगर यातायात

- ईश्वरपुर नगरपालिकाका आम सर्वसाधारण जनतालाई नगरपालिकाको केन्द्रसम्म आवतजावतमा सहजता उपलब्ध गराउन वडाको केन्द्र देखि नगरको केन्द्रसम्म नगर यातायात सञ्चालनको लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ । यस कार्यको लागि कम्तिमा ३ वटा विद्युतीय सवारी साधन लागत साझेदारी खरिद गरी सञ्चालनको व्यवस्था प्रारम्भ गरिनेछ ।

## वातावरण संरक्षण तथा विपद व्यवस्थापन

## २९. वातावरण संरक्षण

- विशेषतः राजमार्ग किनारालाई हरियालीयुक्त वनाउने अभियान अन्तर्गत सडक किनारामा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- सार्वजनिक पोखरी तथा मुहान संरक्षणका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- औद्योगिक क्षेत्रवाट उत्सर्जन हुने कार्वनको मापन गर्न उपकरण जडान गरिनेछ ।

- वातावरण व्यवस्थापनका अन्य कार्य आवश्यकता वमोजिम सञ्चालन गरिदै लगिने छ ।
- वातावरण संरक्षणका लागि स्थानीयस्तरमा गठन भएका समुह/समितिहरुलाई परिचालन गरिनेछ ।

## ३०. विपद व्यवस्थापन

- समुदायस्तरमा जुनसुकै अवस्थामा पनि विपद व्यवस्थापनको कार्यमा आवश्यक सहयोग गर्न सकिने व्यवस्था मिलाउने गरी विपद् व्यवस्थापन कोष खडा गर्ने र कोषवाट तत्काल सहयोग पुर्‍याउन आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- लालवन्दी, हरिपुर नगरपालिकासंगको संयुक्त लागत साझेदारीमा वारुणयन्त्र खरिद गरी सञ्चालन गर्न विशेष प्राथमिकता दिइनेछ । सो व्यवस्थापन नहुन्जेलसम्मका लागि हरिवन नगरपालिकासंग भएको साझेदारीलाई निरन्तरता दिइनेछ ।
- स्थानीय समुदायको वातावरण व्यवस्थापनमा सक्रिय सहभागिता वृद्धि गरी विपद जोखिम न्यूनीकरण तथा विपद पूर्व तयारी गर्दै जाने नीति अवलम्वन गरिनेछ ।
- विपद व्यवस्थापन सम्वन्धी कार्यका लागि सवै सुरक्षा निकायहरुसंग समन्वयात्मक सहयोग लिने नीतिलाई निरन्तरता दिइनेछ ।
- सुरक्षा निकायको सहजीकरण सहयोगमा स्थानीय युवाहरुलाई विपद् प्रतिकार्य र उद्दार सम्वन्धी तालिम सञ्चालन गरी स्वंय सेवकको रुपमा परिचालन गरिनेछ ।
- जंगली हात्तीको आतंकबाट मानवीय क्षत्ति हुन नदिन सम्बन्धित निकायसँग समन्वय गरी नियन्त्रणका लागि आवश्यक पहल गरिनेछ ।
- विपद व्यवस्थापन कोष सञ्चालन गर्न आवश्यक नीति स्वीकृती भएकोले आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- विपद्वाट प्रभावित घर परिवारलाई राहतको व्यवस्था हुन सम्वन्धित निकायमा अविलम्व पहल गरिनेछ
- नगरस्तरीय आपतकालिन केन्द्र सञ्चालनको लागि आवश्यक प्रवन्ध गरिने छ ।

## ३१. सरसफाई तथा फोहोरमैला व्यवस्थापन

- दिगो रुपमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन राष्ट्रिय रुपमा चुनौतीपुर्ण रहेको सर्वविदितै छ । यद्यपि कतिपय स्थानीय तहले फोहोरलाई मोहरमा परिणत गरेका उदाहरणहरु समेत हामीलाई जानकारीमा छ । दिगो रुपमा सरसफाई र फोहोर मैला व्यवस्थापनमा नागरिकहरुको सहकार्य र सहयोग विना स्थानीय तहले यसको व्यवस्थापन गर्न कठिनाई नै हुने गर्दछ ।
- ईश्वरपुर नगरपालिकाको क्षेत्रभित्रका सबै घरधुरी, स्थानीय हाट बजार, व्यापारिक तथा आवासीय क्षेत्र, संस्थागत क्षेत्र, औद्योगिक क्षेत्र लगायतका सम्पुर्ण क्षेत्रबाट उत्सर्जित फोहोरलाई नीजि क्षेत्रको सहकार्यमा प्रारम्भ गरिएको शुल्कमा आधारित फोहरमैला संकलन तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।
- फोहोरमैला व्यवस्थापनलाई क्षेत्र विस्तार गर्दै ईश्वरपुर नगरपालिका क्षेत्र भित्रका अन्य बजार क्षेत्रमा साप्ताहिक रुपमा र मा.वि. तहका विद्यालय र स्वास्थ्य केन्द्रमा पाक्षिक रुपमा सरसफाई गर्ने अभियानलाई निरन्तरता दिइनेछ ।
- सरसफाई तथा फोहरमैला व्यवस्थापनको लागि चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ईश्वरपुर नगरपालिका, हरिपुर नगरपालिका र लालवन्दी नगरपालिका वीच हालै भएको समन्वय र सहकार्यमा ३ वटै नगरपालिकालाई क्लष्टर वनाई फोहोरमैलाको दिगो व्यवस्थापनको लागि ल्याण्डफिल साइडको संभाव्यता अध्ययन गरी आवश्यक कार्य थालनी गरिनेछ ।

## संस्थागत विकास सेवा प्रवाह र सुशासन

### ३२. संस्थागत विकास तथा सेवा प्रवाह

- जननिर्वाचित प्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि गरी संस्थागत सुदृढीकरणको माध्यमवाट स्थानीय सुशासन प्रवर्द्धन गर्दै जाने र नागरिकले प्राप्त गर्ने सेवालाई छिटो छरितो वनाई नागरिक मैत्री स्थानीय तहमा रुपान्तरण गर्ने नीति अवलम्वन गरिने छ ।
- ईश्वरपुर नगरपालिकाको वडा संख्या, जनसंख्या र सेवा प्रवाहको क्षेत्रलाई आधारमानी तयार गरिएको संगठन संरचना अनुसार प्रस्तावित दरवन्दीमा आवश्यक पर्ने जनशक्ति पदपुर्तिका लागि सम्वन्धित निकायमा अनुरोध गरिनेछ ।
- वडा नं. ७, ९, १० ११ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न हुने क्रममा रहेकोले निर्माण सम्पन्न गरी वडा कार्यालय स्थानान्तरण गरिनेछ ।
- वडा नं. ४, ५, ८ र १४ को रोकिएको भवन निर्माण कार्यलाई आवश्यक कानुनी प्रावधान बमोजिमको प्रकृया अलवम्वन गरी शिघ्र निर्माणको व्यवस्था मिलाइनेछ ।
- वडा नं. १३ मा जग्गा व्यवस्थापन गरी वडा कार्यालय भवन निर्माण गरिनेछ ।
- वडा कार्यालयलाई प्रविधि मैत्री वनाइनेछ ।
- नगर कार्यपालिकाको कार्यालय सञ्चालन रहेको भवनमा प्रर्याप्त कार्यकक्ष, तालिम हल, सभाहल, सेवाग्राही प्रतिक्षालय, सवारी पार्किङ क्षेत्र आदि अभाव रहेको हुँदा उक्त संरचनाहरु तयार गर्न वोलपत्र आव्हान भई सकेको हुँदा सो सरंचनाहरु निर्माण कार्यको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि योजना तर्जूमा गरिनेछ । पदाधिकारी तथा विषयगत शाखा र कार्यरत कर्मचारीहरुको कार्यविवरण तयार गरि अधिकार प्रत्यायोजन गर्ने नीति अवलम्वन गरिनेछ ।
- दिगो विकासका लक्ष्य र सूचकहरुको स्थानीयकरण गरी वार्षिक तथा आवधिक योजनामा कार्यक्रम समावेश गरी लक्ष्य प्राप्तिका लागि आवश्यक पहल गरिनेछ ।
- स्थानीय तहमा भएका असल अभ्यासहरुलाई एक आपसमा आदन प्रदान गर्न अन्तर स्थानीय तह बिच सहकार्य गरिनेछ ।
- कार्य सम्पादनमा आधारित मुल्याँकन पद्धतिबाट नगरपालिकाका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता दिईने छ ।
- LISA तथा FRA मा उत्कृष्ट अंक प्राप्तिमा योगदान गर्ने कर्मचारीलाई नगरपालिकाको स्थापना दिवसको अवसरमा पुरस्कृत गरिने व्यवस्था मिलाईने छ ।
- ईश्वपुर नगरवासीलाई नागरिकता वनाउन मलंगवा र हरिवन जानु पर्ने वाध्यात्मक अवस्थाको अन्त्यको लागि ईश्वरपुरमा ईलाका प्रशासन कार्यालय स्थापना गर्न सम्वन्धित निकायमा थप पहल गरिनेछ ।
- ईश्वपुर नगरवासीलाई नापी र मालपोत कार्यालयामा पर्ने काम गर्न मलंगवा र हरिवन जानु पर्ने वाध्यात्मक अवस्थाको अन्त्यको लागि ईश्वरपुरमा इलाकास्तरीय नापी तथा मालपोत कार्यालय स्थापना गर्न सम्वन्धित निकायमा थप पहल गरिनेछ ।

### सुशासन

- नागरिक गुनासो सुनवाईको लागि प्रत्येक महिना मेयरसँग मनका कुरा अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिनेछ ।

- सेवा प्रवाहलाई बढि प्रभावकारी बनाउन सार्वजनिक सुनवाई, सामाजिक परीक्षण चौमासिक तथा वार्षिक प्रगति समिक्षा गोष्ठी जस्ता कार्यक्रम संचालन गरि प्राप्त पृष्ठपोषणको आधारमा सेवा प्रवाहमा सुधार ल्याईने छ ।
- वार्षिक खरिद योजना तथा खरिद गुरुयोजना तयार गरि खरिद तथा निर्माण कार्य प्रारम्भ गरिनेछ ।
- सवै स्वास्थ्य संस्था र विद्यालयहरुमा विद्युतीय हाजीरी क्रमश जडान गर्ने आवश्यक व्यवस्था गरिनेछ ।
- आन्तरिक र वाह्य सुशासन कायम हुने नीति, नियमहरु तर्जुमा गरिनेछ ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि र सार्वजनिक खरिद नियमावली तयारी गरिनेछ ।

**३३. आवधिक र वार्षिक नगर विकास योजना कार्यान्वयन र अनुगमन**

- चालु आ.व. देखि कार्यान्वयनमा रहेको आवधिक नगर विकास योजनाले परिलक्षित गरेका सूचक र लक्ष्य प्राप्तीका लागि तादम्यता मिलाई वार्षिक योजना तयार गरिनेछ ।
- योजना तथा कार्यक्रमको कार्यान्वयन आर्थिक वर्षको अन्त्यमा हुने प्रवृतिलाई निरुत्साहित गरि वार्षिक कार्ययोजना वनाई कार्यान्वयन गर्न जोड दिइनेछ ।
- ठेक्कापट्टा गर्नु पर्ने योजनाहरु पहिलो त्रैमासिक अवधिमा प्रकृयाको थालनी र उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजना दोस्रो त्रैमासिक अवधि भित्र उपभोक्ता समिति गठन र सम्झौता गर्ने नीति अवलम्वन गरिनेछ ।
- वडातहले उपभोक्ता समिति गठन सम्वन्धी सूचना सामाजिक सञ्जालमा अनिवार्यरुपमा प्रेषण गर्नु पर्ने नीति अवलम्वन गरिनेछ ।
- प्रदेश तथा संघीय सरकारवाट सञ्चालन हुने योजनामा उपभोक्ता समितिले अनिवार्य रुपमा कुल लागत अनुमानको २० प्रतिशत हुने रकम जनश्रमदान वा १५ प्रतिशतले हुने रकम नगद लागत सहभागिता जम्मा गर्नुपर्ने प्रावधान गरिनेछ ।
- आकस्मिक अवस्थामा वाहेक अन्य अवस्थामा कार्यपालिकावाट योजना संसोधन गर्न नमिल्ने व्यवस्था लागू गरिनेछ ।
- संस्थागत निकायहरु (विद्यालय, खानेपानी उपभोक्ता समिति, धार्मिक संस्था) को लागि स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयन सम्वन्धित संस्थाको समितिवाट सञ्चालन गर्ने र संस्थाको खातामा रकम निकासा गर्ने नीति अवलम्वन गरिनेछ ।
- विद्यालयको योजनामा हाल तोकिएको जनश्रमदान १५ प्रतिशतवाट घटाई १० प्रतिशत लागु गरिनेछ ।
- दलित समुदाय लक्षित योजनामा दलित महिलाहरु मात्र रहने उपभोक्ता समितिमा अनिवार्य जनश्रमदान लागु गरिने छैन ।
- एकै व्यक्ति एकै आर्थिक वर्षमा उपभोक्ता समितिको कुनै पदमा रहन नपाउने नीति अवलम्वन गरिनेछ
- टोल सुधार समिति गठन भएको टोलवस्तीमा सञ्चालन गरिने योजनाको कार्यान्वयन टोल सुधार समिति मार्फत नै कार्यान्वयन गरिनेछ ।
- ईश्वरपुर नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने सवै प्रकारका योजना तथा कार्यक्रमको अनुगमन नगरपालिकावाट स्वीकृत अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०८० बमोजिम अनुगमन गरिनेछ ।

## ३४. आन्तरिक आय र राजस्व प्रशासनः

- नगरपालिकाको आन्तरिक स्रोत अभिवृद्धिका लागि राजस्व प्रशासनको व्यवस्थापन अपरिहार्य भएकोले राजस्व शाखामा आवश्यक कर्मचारीको व्यवस्थापन गरिनेछ ।
- आन्तरिक आयका स्रोतहरुको पहिचान र अध्ययन गरि आवश्यक सुधारका कार्यहरु गरि आयस्रोत अभिवृद्धि गरिनेछ ।
- राजस्व प्रशासनलाई व्यवस्थापन गर्न राजस्व सुधार ऐन र कार्ययोजना तयारी गरिनेछ ।
- नगरपालिका भित्र उद्योग र व्यवसाय सञ्चालन गर्ने सवैलाई व्यवसाय करको दायरामा आवद्ध गराइनेछ । व्यवसाय कर, घर वहाल कर, भवन निर्माण इजाजत जस्ता क्षेत्रमा नगर प्रहरी परिचालन गरि व्यवस्थित गरिनेछ ।
- यस नगरपालिकाको १५ वटै वडाहरुमा विद्युतीय माध्यमद्धारा कर संकलन कार्यलाई प्रभावकारी बनाई सेवाग्राहीलाई चुस्त र दुरुस्त सेवा प्रदान गरिने छ ।
- आ.व. २०८१/०८२ देखि सम्पती कर संकलन गरिने कार्य लागू गरिनेछ ।
- घरजग्गा तथा सम्पतिको रजिष्ट्रेशन प्रयोजनको लागि जग्गाको वर्गीकरण बमोजिमको मूल्यांकन समयानुकुल वृद्धि गरि सिफारिस गरिनेछ ।
- प्राकृतिक श्रोतहरु (नदीजन्यपदार्थ सहित) को समुचित प्रयोगका लागि वातावरणीय प्रभाव मूल्यांकनमा जोड दिइनेछ ।

## ३५. न्यायिक समिति

संवैधानिक व्यवस्था बमोजिम गठन भएको न्यायिक समितिलाई सक्षम, सबल तथा न्यायिक निरुपणका लागि आवश्यक नीतिगत व्यवस्था मिलाईने छ । समुदायमा रहेका मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिने छ । वडातहमा मेलमिलापकर्ताको रोष्टर तयार गरि जिम्मेवारी तोक्ने कार्यको थालनी गरिने छ । न्यायिक समिति तथा मेलमिलापकर्ताहरुलाई आवश्यक तालिम उपलब्ध गराइने छ । न्यायिक सम्पादन हेतु आवश्यक ऐन, नियम तथा कार्यविधि तयारी गरिने छ ।

## ३६. भूमिको वर्गीकरण, अव्यवस्थित बसोबास तथा भूमिहिन सुकुम्बासी व्यवस्थापन

- ईश्वरपुर नगरपालिकामा भूमिहिन सुकुम्बासीको लगत संकलन सम्पन्न भएको छ । वडा नं. १ मा सुकुम्बासीहरुलाई जग्गाधनी पुर्जा वितरण गर्ने कार्य प्रारम्भ भएको र वडा नं. ६ को समेत तयारी अन्तिम चरणमा रहेकोले आयोग अनुमती प्राप्त पछि वितरण गरिनेछ ।
- वडा नं. ४ , १३ र १४ मा जग्गा नाँपजाँचको लागि प्वाइन्ट निर्धारण गर्ने कार्य गरिनेछ ।
- अन्य वडाहरुमा आयोगवाट आदेश प्राप्त भएपछि आवश्यक प्रकृया थालनी गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्रका सार्वजनिक, पर्ति, ऐलानी जग्गाहरु, सार्वजनिक पोखरी, पानी मुहान, नदी तथा नदी किनार, सार्वजनिक पैनीको संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिन अभिलेख अद्यावधिक गर्दै लगिनेछ ।
- भूमिको वर्गीकरणको मापदण्ड स्वीकृत गरि कार्यान्वयन गरिनेछ ।

## ३७. संघ, प्रदेश र स्थानीय तह वीच सहकार्य र समन्वय

स्थानीय तहको विकासको लागि तीनै तहका सरकार वीच सहकार्य र समन्वय हुन आवश्यक छ । संघ र प्रदेशको सहयोग नभई स्थानीय तहमा ठुला पुर्वाधार विकास सम्भावना नै हुँदैन । साथै स्थानीय तहको सहयोग नभई संघ र प्रदेशले आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयन गर्न पनि सक्दैनन । स्थानीय तहहरु वीच विकास निर्माणको कार्यक्रम साझेदारी सहयोगको आवश्यकता पर्दछ । देहायको क्षेत्रमा संघ, प्रदेश र स्थानीय तह वीच सहकार्यको लागि विशेष पहल गरिनेछ ।

- ठुला पुर्वाधारजन्य आयोजनाको लागि संघ र प्रदेशका निकायहरुसंग आवश्यक पहल गरिनेछ । विशेष गरि विशेष अनुदान र सम्पुरक अनुदान तर्फको बजेट व्यवस्थाको लागि आवश्यक योजनाहरु छनौट गरि पठाईने छ ।
- लागत साझेदारीमा सम्पुरक तर्फका योजना सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- कालिन्जोरमा दिगो खानेपानी व्यवस्थापनका लागि संघीय सरकार र प्रदेश सरकारसंग आवश्यक समन्वय र पहल गरिनेछ ।
- छिमेकी नगरपालिकाहरुसंग नदिजन्य पदार्थको उत्खनन तथा संकलन कार्यको लागि आलोपालो पद्धति र वातावरणीय अध्ययनमा सहयोग आदान प्रदान गर्ने नीति अवलम्वन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साइटको आवश्यकता पर्ने र एकै पालिकाले ल्याण्डफिल साइटको व्यवस्थापन गर्न सम्भव नभएकोले छिमेकी पालिकाहरुसंग साझेदारी सहयोगका लागि समन्वय गरिनेछ ।
- आगलागी नियन्त्रणका लागि छिमेकी नगरपालिकासंग लागत साझेदारीमा वारुणयन्त्र खरिद तथा व्यवस्थापन गरिनेछ । वारुण यन्त्र खरिदका लागि संघीय सरकार समक्ष सहयोगको लागि आवश्यक समन्वय गरिनेछ ।

**३८. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सम्बन्ध विस्तार**

नगरको पहिचान र हितलाई उच्च प्राथमिकता दिई राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरुसँग भगिनी सम्वन्ध कायम गर्ने नीतिलाई निरन्तरता दिईनेछ । राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सम्वन्ध विस्तार कार्यक्रमका लागि सदस्यता शुल्क लगायतका आवश्यक खर्चको व्यवस्थापन गर्न वजेटको व्यवस्था मिलाईने छ ।

**३९. आगामी आ.व. २०८१/०८२ का लागि प्रस्तावित कुल बजेट रु. ९४ करोड ४९ लाख ८३ हजार ५ सयको विनियोजन विवरण**

अब, म, आगामी आर्थिक बर्षको लागि हामीले प्रस्ताव गरेको खर्च व्यहोर्ने स्रोतहरुको वारेमा संक्षिप्तमा प्रकाश पार्न चाहन्छु :

**<u>संघीय सरकारको तर्फबाट :</u>**

| | | |
|---|---|---|
| समानीकरण अनुदान | रु. १५,३३,००,०००।- | (१५ करोड ३३ लाख) |
| सशर्त अनुदान | रु. ३२,०३,७२,५००।- | (३२ करोड ३ लाख ७२ हजार ५ सय) |
| समपुरक अनुदान | रु. ७५,००,०००।- | (७५ लाख) |
| राजश्व बाँडफाँड | रु. १४,७६,००,०००।- | (१४ करोड ७६ लाख) |
| सामाजिक सुरक्षा भत्ता | रु. २२,८०,७३,०००।- | (२२ करोड ८० लाख ७३ हजार) |

**<u>प्रदेश सरकारको तर्फबाट :</u>**

| | | |
|---|---|---|
| समानीकरण अनुदान | रु. १,१३,१८,०००।- | ( १ करोड १३ लाख १८ हजार) |
| विशेष अनुदान | रु. ३०,००,०००।- | ( ३० लाख) |
| समपुरक अनुदान | रु. २०,००,०००।- | (२० लाख |
| राजश्व बाँडफाँड | रु. १,८३,२०,०००।- | (१ करोड ८३ लाख २० हजार) |
| सशर्त अनुदान | रु. ९५,००,०००।- | (९५ लाख) |

**<u>आन्तरिक स्रोतबाट :</u>**

| | | |
|---|---|---|
| आन्तरिक राजश्व | रु. ४,४०,००,०००।- | (चार करोड ४० लाख) |

जम्मा रु. ९४,४९,८३,५००।- (९४ करोड ४९ लाख ८३ हजार ५ सय)

**ईश्वरपुर नगरपालिकाका उपप्रमुखज्यू,**
**नगरसभाका सदस्यज्यूहरु**

४०. अव म चालु आ.व. २०८०/०८१ को वित्तिय प्रगति वारे यो सभामा जानकारी गराउन चाहान्छु ।

४१. स्थानीय तहरुको बजेटको मुख्य स्रोत संघीय सरकार र आंशिक स्रोत प्रदेश सरकार भएको हुँदा संघीय सरकार तथा प्रदेश सरकारवाट प्राप्त बजेटको आधारमा खर्च हुने भएकोले हालसम्मको निकासा र खर्चको आधारमा भएको वित्तिय प्रगतिको उपलब्धी पेश गर्दछु ।

## ४२. वित्तिय प्रगति र अवस्था

- संघीय समानीकरण अनुदान तर्फ प्रस्तावित बजेट रु. १५ करोड १२ लाख रहेकोमा हालसम्मको निकासा रु. ११ करोड २० लाख । (७४.०७ प्रतिशत)
- संघीय राजस्व बाँडफाँड तर्फ प्रस्तावित बजेट रु. १३ करोड ९० लाख ५० हजार रहेकोमा हालसम्मको निकासा रु. ९ करोड ३६ लाख ४४ हजार । (६७.३५ प्रतिशत)
- प्रदेश राजस्व बाँडफाँड तर्फ प्रस्तावित बजेट रु. १ करोड ८३ लाख २० हजार रहेकोमा हालसम्मको निकासा रु. ९१ लाख ४७ हजार । (५० प्रतिशत)
- प्रदेश समानीकरण अनुदान तर्फ प्रस्तावित बजेट रु. १ करोड १३ लाख ७१ हजार रहेकोमा, सवै रकम निकासा भएको । (१०० प्रतिशत)
- संघीय शसर्त अनुदान तर्फ २८ करोड ३० लाख ५० हजार रहेकोमा सवै रकम निकासा भएको । (१०० प्रतिशत)
- आन्तरिक स्रोत तर्फ रु. ४ करोड आय प्रस्ताव गरिएकोमा हालसम्म हालसम्मको आय रु. १ करोड ८८ लाख खुद आय प्राप्त भएको (४७ प्रतिशत)
- संघीय सरकारको विशेष अनुदान र समपुरक अनुदान तर्फ प्रस्तावित बजेट रु. १ करोड ६५ लाख रहेकोमा हालसम्म ५० लाख मात्र निकासा भएको ।
- प्रदेश सरकारको विशेष अनुदान तर्फ प्रस्तावित बजेट रु. ३० लाख रहेकोमा सो बजेट भर्खरै स्वीकृत भएको ।
- प्रदेश सरकारको समपुरक अनुदान तर्फ प्रस्तावित बजेट रु. २० लाख रहेकोमा उक्त बजेट निकासा नै नहुने जानकारी प्राप्त भएको ।
- प्रदेश सरकारको सशर्त अनुदान तर्फ प्रस्तावित बजेट रु. १ करोड रहेकोमा उक्त बजेट निकासा नै नहुने जानकारी प्राप्त भएको ।
- चालु आ.व. २०८०/०८१ को वित्तिय प्रगति ५२.२९ प्रतिशत रहेको छ ।

## ४३. कार्य प्रगतिको लागि देखा परेको समस्याहरु

**भौतिक समस्याहरु**

- कार्यसञ्चालनको लागि पर्याप्त जनशक्तिको अभाव । १५ वटा वडाको लागि १० जना मात्र वडा सचिववाट कार्यसम्पादन भइरहेको ।
- राजस्व शाखामा प्रर्याप्त जनशक्ति अभाव
- वडागत रुपमा प्राविधिक जनशक्तिको कमी
- सवै वडा कार्यालयको आफनै भवन नहुनु
- नगर कार्यपालिकाको भवनमा सवै शाखाहरुलाई प्रयाप्त कार्यकक्ष नहुनु

- समयमा उपभोक्ता समिति गठन र सम्झौता नहुनु
- आर्थिक वर्षको अन्त्यमा काम गर्ने प्रवृति
- कार्य सञ्चालनको लागि आवश्यक पर्ने ऐन, नियम, कानुन र कार्यविधि तयार हुन बाकी रहेको ।

**वित्तिय समस्या**

- संघीय सरकार र प्रदेश सरकारवाट नियमित बजेट प्राप्त नहुनु ।
- प्रदेश सरकारवाट न्युन बजेट विनियोजन
- आन्तरिक स्रोतको न्युनत्तम र प्रस्तावित राजस्व संकलन अपेक्षा अनुरुप नहुनु ।

**उपप्रमुखज्यु, नगरसभा सदस्यज्यूहरु :**

४४. समानुपातिक, समन्यायिक, दिगो तथा सन्तुलित विकासका लागि बस्ती, टोललाई सशक्तिकरण गरी परिचालन गर्न वडास्तरीय बजेटको आवश्यकता पर्ने हुनाले वडाको जनसंख्या र भुगोल, सामाजिक आर्थिक अवस्था र राजस्व परिचालनको अवस्थालाई विश्लेषण गरी बजेट तथा कार्यक्रमहरु प्रस्ताव गरिने नीति अवलम्वन गरिनेछ ।

४५. योजनाको कार्यान्वयन पक्ष अति महत्वपूर्ण रहेको हुँदा हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न समझदारी, सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा सम्पूर्ण सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय लगायत अन्तर्राष्ट्रिय संघ संस्था, गैर सरकारी संस्थाहरु, लगायतका सम्पूर्ण सरोकारवालालाई रचनात्मक सुझाब तथा सहयोगकालागि म ईश्वरपुर नगरपालिका र सम्पुर्ण नगरवासीका तर्फबाट हार्दिक अनुरोध गर्दछु ।

४६. आज प्रस्तुत आ.ब. २०८१/०८२ का नीतिको अधिनमा रही विस्तृत कार्यक्रम तथा बजेट नगर सभाको अर्को वैठकमा प्रस्तुत गरिनेछ ।

४७. अन्तमा, यस ईश्वरपुर नगरपालिकाको आगामी आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम तयारी कार्यमा सहयोग गर्नु हुने पदाधिकारीज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजकज्यूहरु, राजस्व परामर्श समितिका पदाधिकारीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत विषयगत शाखाका प्रमुखज्यूहरु एवं नगरपालिकाका सम्पूर्ण कर्मचारीलाई धन्यवाद् व्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग र सुझाव दिनु हुने राजनैतिक दलका प्रतिनिधिज्यूहरू एवं सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदिवहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद ।

मनोज कुमार आचार्य
नगर प्रमुख
ईश्वरपुर नगरपालिका